# मालती चौधरीको सफलताको कथा




सन् २०२२ देखि शुरुवात भएको USAID Inclusive Livelihoods West Activity तुलसीपुर उपमहानगरपालिकामा पनि अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागी आफ्नो क्रियाकलाप अघि बढायो । यसै क्रममा तुलसीपुर उपमहानगर पालिकाको वडा नं. १६ मा एकता अपाङ्गता समावेशी स्वावलम्बन समुह गठन गरियो । उक्त समुहको निरन्तर पैरवी पश्चात मालती चौधरी वडा कार्यलयको पहलमा नगर स्वास्थ्य संस्थामा नोकरी पाउनु भयो । मालती चौधरी एक निम्न आर्थिक अवस्था भएको कृषि पेशामा आधारित परिवारमा पर्दछन । उनको पढाई CMA सम्मको भएता पनि खासै रोजगारको अवसर नपाएको अवस्था थियो ।अपाङ्गता भएका व्यक्तिहरुको विभिन्न व्यवसाय तथा रोजगारको लागी अवसरको खोजी गर्ने क्रममा सरोकारवाला निकाय सँग समन्वय तथा छलफल तथा पैरवीको परिणाम स्वरुप समुदाय तथा समाजमा र सरोकारवाला निकायको सकारात्मक दृष्टिकोण बन्दै गए पछि उनलाई सो अवसर प्राप्त भएको हो । वडाका वडा अध्यक्षले एक जनालाई तत्कालै नोकरीमा राख्न पहल गर्ने प्रतिवद्धता स्वरुप वडा अध्यक्षकै पहलमा वडाको नगर स्वास्थ्य संस्थामा जागीरमा नियुक्ति प्रदान गराउन मद्दत गर्नु भएको हो । यसरी अहिले अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागी समुदाय समाज तथा सरोकारवाला निकायको ध्यान तानिएको पाइन्छ । पछिल्लो समयमा अपाङ्गता भएका व्यक्तिहरु पनि निकै सक्रिय रहेको हुँदै गएको र आर्थिक गतिविधिमा सक्रिय हुनका लागी अपाङ्गता भएका व्यक्तिहरु आफ्नो घरपरिवार तथा समाजमा आफ्नो अस्तित्व कायम भएको महसुस गर्न थालेका छन् ।